ऐन संख्या : ७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/११/११

# **कैलारी गाउँपालिकाको** आर्थिक ऐन **२०७५**

# कैलारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**हसुलिया, कैलाली**

**७ नं. प्रदेश**

**नेपाल**

# **कैलारी गाउँपालिकाको** आर्थिक ऐन **२०७५**

कैलारी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक २०७५

प्रस्तावनाः कैलारी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम कैलारी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि कैलारी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर **(**मालपोत**) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी**,** कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः  गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटनशुल्कःगाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची -१

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## **एकिकृत सम्पत्ति करको दर**

| कर योग्य एकिकृत सम्पत्तिको मूल्य | दर (बार्षिक) |
|---|---|
| दशलाख रुपैयासम्म | पचास रुपैया |
| दशलाख एक रुपैयादेखि बीसलाख रुपैयासम्म | दुईसय रुपैया |
| बीसलाख एक रुपैयादेखि तीसलाख रुपैयासम्म | पाँच सय रुपैया |
| तीसलाख एक रुपैयादेखि पचासलाख रुपैयासम्म | एक हजार रुपैया |
| पचासलाख एक रुपैयादेखि एक करोड रुपैयासम्म | तीन हजार रुपैया |
| एक करोड एक रुपैयादेखि दुई करोड पचास लाख रुपैयासम्म | दश हजार रुपैया |
| दुई करोड पचास लाख एक रुपैयादेखि पाँच करोड रुपैया सम्म | पच्चीस हजार सम्म |
| पाँच करोड एक रुपैयादेखि माथि | एक रुपैया प्रति हजार |

अनुसूची -२

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## बार्षिक घर वहाल करको न्यूनतम तथा अधिकतम दर

| सि.नं. | घर बहाल कर | बार्षिक दर |
|---|---|---|
| १. | संघसंस्था, सरकारी कार्यालय, गोदाम, जग्गा भाडामा दिने | १ प्रतिशतका दरले |
| २. | अन्य प्रयोजनको लागि | १/२ प्रतिशतका दरले(०.५%) |

अनुसूची -३

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## व्यवसाय करको बार्षिक न्यूनतम तथा अधिकतम दर

| क्र.सं. | व्यवसायको विवरण | बार्षिक करको दर |
|---|---|---|
| १ | होटल, लज एवं साधारण होटल | १०००/- |
| २ | रेष्टुरेन्ट(मःम, तास, सेकुवा आदि) | १०००/- |
| ३ | मिठाई पसल | ७००/- |
| ४ | कपडा पसल(थोक एवं खुद्रा) | १०००/- |
| ५ | फेन्सी पसल | १५००/- |
| ६ | विविध श्रृगार पसल(थोक/खुद्रा) | १०००/- |
| ७ | उनी धागो पसल | ७००/- |
| ८ | जुत्ता चप्पल पसल | १०००/- |
| ९ | निर्माण सामाग्री | २०००/- |
| १० | खाद्यान्न, किराना डिलर/खुद्रा | १०००/- |
| ११ | भाडा र गिफ्ट पसल(थोक/खुद्रा) | १०००/- |
| १२ | पुस्तक तथा पत्रिका पसल | १०००/- |
| १३ | छापाखाना | १०००/- |
| १४ | आर्ट | ७००/- |
| १५ | फाटो स्टडियो | ७००/- |
| १६ | केबुल नेटवर्क | २५००/- |
| १७ | टि.भी., घडी रेडियो विक्री/मर्मत | ७००/- |
| १८ | पंखा तथा स्टोभ मर्मत | ७००/- |
| १९ | साइकल विक्री तथा मर्मत | १०००/- |
| २० | मोटरसाइकल, पार्टस/वर्कसप | १०००/- |
| २१ | ड्राइभिङ्ग इन्स्टिच्यूट | ७००/- |
| २२ | टायर मर्मत | ७००/- |
| २३ | ग्रिल उद्योग | २५००/- |
| २४. | कवाडी सामानको थोक विक्रेता | ५००/- |
| २५ | टेण्ट हाउस | १००/- |
| २६ | लाउण्डी पसल | ७००/- |
| २७ | मादल पसल/बाद्यय सामग्री पसल | ७००/- |
| २८ | गोवर ग्याँस | ७००/- |
| २९ | पाउरोटी भण्डार | ७००/- |
| ३० | चलचित्र मन्दिर | १०००/- |

| | | |
|---|---|---|
| ३१ | वित्तिय संस्था/सहकारी संस्था | २०००/- |
| ३२ | कलर ल्याब | ७००/- |
| ३३ | निजी अस्पताल/औषधी पसल | १०००/- |
| ३४ | पशु औषधी पसल | ७००/- |
| ३५ | वीज भण्डार | ७००/- |
| ३६ | रंगरोगन तथा इलेक्ट्रिक थोक वि. | १५००/- |
| ३७ | फर्निचर उद्योग | १५००/- |
| ३८ | फर्निचर पसल | १०००/- |
| ३९ | मिल | १०००/- |
| ४० | सुनचाँदी पसल | १५००/- |
| ४१ | आइसक्रिम उद्योग तथा पसल | ७००/- |
| ४२ | कपडा सिलाई | १०००/- |
| ४३ | हेयर कटिङ्ग सैलुन | १०००/- |
| ४४ | ल फर्म | १०००/- |
| ४५ | बोडिङ्ग स्कुल मा.वि. र प्रा.वि. | २५००/- |
| ४६ | निर्माण व्यवसायी क,ख,ग, (३) कार्यालय राखे वाफत | १०००/- |
| ४७ | आयल पम्प | २५००/- |
| ४८ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलिफोन | ७००/- |
| ४९ | उद्योग स्थापना गर्न सिफारिस/स्वीकृती | २५००/- |
| ५० | सपिङ्ग सेन्टर(विविध) | १०००/- |
| ५१ | तरकारी पसल | ७००/- |
| ५२ | चश्मा पसल | ७००/- |
| ५३ | दात बनाउने पसल | ७००/- |
| ५४ | मासु पसल | १०००/- |
| ५५ | नर्सरी र फलफरुलका विरुवा विक्री वितरण | ७००/- |
| ५६ | माटोको माडा बनाउने | ५००/- |
| ५७ | टेक्निकल इन्स्टिच्यूट | १०००/- |
| ५८ | कन्सल्टेन्सी फर्म(इन्जीनियर र ओ.) | १०००/- |
| ५९ | ज्योतिषी/गुरुवा(परम्परागत संस्कृति सम्बन्धी कार्य) | ५००/- |
| ६० | अडिटर फर्म(क, ख, ग, ३) | १०००/- |
| ६१ | चिकित्सक विशेषज्ञ, सहायक, कविराज | ७००/- |
| ६२ | ल्याव | ७००/- |
| ६३ | पुलवोड हाउस | १०००/- |
| ६४ | भिडियो गेम हाउस | १०००/- |
| ६५ | इट्टा भट्टा उद्योग(संचालन को लागि मात्र) | २०००/- |
| ६६ | रेमिटेन्स सेवा | २०००/- |
| ६७ | कटिङ्ग ढुंगा उद्योग/क्रेसर उद्योग संचालन | २०००/- |
| ६८ | ब्लक उद्योग | २०००/- |
| ६९ | ट्राभल्स एण्ड टुर्स प्रा.लि. | २०००/- |
| ७० | बैदेशिक रोजगार कम्पनी | २०००/- |
| ७१ | मोवाइल टावर | २०००/- |
| ७२ | ईन्टरनेट सर्भिस प्रोभाइडर कम्पनी | २०००/- |
| ७३ | कम्प्युटर इन्स्टिच्यूट | १०००/- |

| | | |
|---|---|---|
| ७४ | कम्प्यूटर मोवाइल मर्मत केन्द्र | १०००/- |
| ७५ | सिरक डसना सिलाई उद्योग | १०००/- |
| ७६ | नृत्य कला केन्द्र | ७००/- |
| ७७ | एफ.एम. रेडियो स्टेशन | १५००/- |
| ७८ | गाई, भैसी, बाखा फर्म/पालन व्यवसाय | ५००/- |
| ७९ | माछा पालन व्यवसाय | ७००/- |
| ८० | गल्ला/खाद्यान्न व्यापारी | १०००/- |
| ८१ | टेलिफोन तथा मोबायलका टावर | ५०००/- |

द्रष्टब्य : माथि उल्लेखित पेशा/व्यवसाय बाहेकका क्षेत्रका लागि माथिको व्यवसाय साग मिल्दोजिल्दो व्यवसाय बरावरको कर/दस्तुर लिईनेछ ।

अनुसूची -४

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## **बार्षिक जडिबुटी, कवाडी र जीवजन्तु करको दर**

यस अनुसूची-४ मा कर दस्तुर उठाउनका लागि उल्लेख गर्नुपर्ने माल बस्तु र उक्त माल बस्तुको करको दर यस कैलारी गाउापालिका को आन्तरिक आयको प्रक्षेपण-२०७४ मा विस्तृत रुपमा उल्लेख गरिएकोले सोही राजस्व प्रक्षेपण प्रतिवेदनमा तोकिएकै मालबस्तु र करका दरलाई नै यस कैलारी गाउँपालिकाको आर्थिक ऐन-२०७५ को अनुसूची-४ को अंगको रुपमा राखिएको छ ।

अनुसूची -५

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## सवारी साधन कारको दर

(क) बार्षिक सवारी साधन कर

| सि.नं. | बार्षिक सवारी कर | करको दर(रु.) |
|---|---|---|
| १ | बस, ट्रक, लहरी र अन्य हेभी गाडी | १०००/- |
| २ | भाडा तथा निजी मिनीबस, ट्रक | ५००/- |
| ३ | वातावरणमैत्री रिक्सा | ३००/- |
| ४ | भाडाको कार जिप | २००/- |
| ५ | निजी कार, भ्यान, जिप, पिकअप | १०००/- |
| ६ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा माथि | ५००/- |
| ७ | ट्याक्टर ठूलो २० हर्ष पावर भन्दा सानो | ३००/- |
| ८ | स्कुटर, मोटरसाइकल | १००/- |
| ९ | रिक्सा | २५०/- |
| १० | पावर टेलर | २००/- |
| ११ | लोडर, डोजर र एक्साभेटर, जेसिभि, रोलर(भ्याकुम) | १५००/- |

(ख) पटके सवारी कर(वार्षिक)

| सि.नं. | पटके सवारी करको विवरण | करको दर(रु.) |
|---|---|---|
| १ | बस, ट्रक | ५०/- |
| २ | लहरी(६ टायरभन्दा बढी) | १००/- |
| ३ | ट्र्याक्टर ठुलो(४० हर्षपावरभन्दा बढी) | ४०/- |
| ४ | मिनी बस, ट्रक | ३०/- |
| ५ | निजी कार, भाडा कर | २०/- |
| ६ | ट्याम्पो | २०/- |
| ७ | विदेशी बस ट्रक | २००/- |
| ८ | विदेशी लहरी(६ टायर भन्दा बढी) | २००/- |
| ९ | विदेशी मिनी बस, ट्रक | १५०/- |
| १० | विदेशी कार/ट्याक्सी | १००/- |

अनुसूची -६

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## **विज्ञापन करको बार्षिक दर**

| सि.नं. | विज्ञापन करको विवरण | करको दर |
|---|---|---|
| १ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट भन्दा माथि | रु. ५०/- प्रतिवर्गफुट |
| २ | साइनवोर्ड, ग्लोवोर्ड, स्टल आदिमा २५ वर्गफुट सम्म | रु. १०००/- देखि रु. २०००/- |
| ३ | तुल व्यानर एक हप्ताको लागि | रु. १००/- देखि रु. २००/- |
| ४ | तुल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | रु. १५०/- देखि ३००/- |
| ५ | पोल व्यानर एक हप्ताभन्दा बढी एक महिनासम्म | प्रति ब्यानर रु. ५०/- |

अनुसूची -७

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## मनोरञ्जन करको बार्षिक दर

| क) | मनोरञ्जन कर |
|---|---|
| १ | प्रति टिकटको १० प्रतिशत बराबरको रकम |
| २ | केवुल नेटवर्कहरुको प्रति ग्राहक बार्षिक रु. ६०/- केबल व्यवसायबाट |

द्रष्टव्य :- अुनसूची-३ मा माथि उल्लेखित व्यवसायको स्थापना र बार्षिक नविकरण करमात्र भएकोले यो कर पनि अलगबाट तिर्नुपर्नेछ ।

अनुसूची -८

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**वहाल विटौरी शुल्कको दर**

| सि.नं. | वहाल विटौरी शुल्क | शुल्क प्रतिदिन |
|---|---|---|
| १ | गा.पा. क्षेत्रको सार्वजनिक एवं ऐलानी जग्गामा संचालन भएका स-साना व्यवसायबाट दैनिक संकलन गरिने शुल्क | रु. ५०/ प्रति वर्गफुट |
| २ | गाउँपालिकाद्वारा निर्माण भएका घर, टहरा तथा हाट बजारबाट व्यवसाय संचालन भएको दिनमा संकलन गरिने शुल्क | रु. १००/- |

अनुसूची -९

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**सवारी पार्किङ्ग शुल्कको दर**

| सि.नं. | सवारी पार्किङ्ग शुल्क | दर |
|---|---|---|
| १ | ठूला सवारी साधन | रु. १००/- बस पार्कमा |
| २ | साना सवारी साधन | रु. ५०/ बस पार्कमा |
| ३ | अन्य शहरी क्षेत्रमा(सबै साना ठूला सवारी साधन) | रु. ५/- |

अनुसूची -१०

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

- ✓ **ट्रेकिङ, कोयोकिङ, क्यानोङ्ग, जिपप्लायर, र्याफ्टिङ र यसै प्रकारका अन्य कार्यका लागि शुल्क दर रु. १००/- तोकिएको छ।**

अनुसूची -११

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## **सेवा शुल्क र दस्तुरको दर**

| **सि.नं.** | **विवरण** | **शुल्क तथा दस्तुर** |
|---|---|---|
| १) | सिफारिस | |
| १ | नाता प्रमाणित | १००/- |
| २ | राहदानी सिफारिस | ३००/- |
| ३ | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस | ७००/- |
| ४ | पति पत्नीको सम्बन्ध विच्छेदको सिफारिस | ३००/- |
| ५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | ३००/- |
| ६ | हकवाला संरक्षण सम्बन्धी सिफारिस/मालपोत बाहेक | ३००/- |
| ७ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५००/- |
| ८ | निजी विद्यालय दर्ता र स्तर बृद्धि(प्रा.वि./नि.मा.वि./मा.वि.) | १५००/२०००/२५००/- |
| ९ | काठ दाउराको सिफारिस | काठ ट्रिप ३५५/-, दाउरा ट्रिप २०५/- |
| १० | अंग्रेजी रुपान्तर | १००/- |
| ११ | बंशजको नागरिकता सम्वन्धी सिफारिस | १००/- |
| १२ | अंगकृित नागरिकता सम्बन्धी सिफारिस | ५००/- |
| १३ | नाम छुटको सिफारिस/विद्यार्थीलाई | १००/- |
| १४ | चार किल्ला प्रमाणित सिफारिस(१ कित्ताको रु.५००/- र सो भन्दा भढी भएमा प्रति कित्ता थप रु. ५०/- का दरले) | ५००/- |
| १५ | सनाखतको सिफारिस | ३००/- |
| १६ | जन्म मृत्यु सम्बन्धी सिफारिस | २००/- |
| १७ | स्थायी बसोबास सम्बन्धी सिफारिस | ५००/- |
| १८ | नाम, थर, जन्म मिति संशोधन सिफारिस/विद्यार्थीलाई/<br>जिल्ला प्रशासनलाई | २००/-<br>५००/- |
| १९ | सर्जमिन शुल्क | ५००/- |
| २० | अमिन शुल्क | १५००/- |
| २१ | विद्युत जडान सम्बन्धी सिफारिस | ३००/- |
| २२ | टेलिफोन जडान सम्बन्धी सिफारिस | ३००/- |
| २३ | निजी धारा जडान सम्बन्धी सिफारिस | ३००/- |
| २४ | चारित्रिक सिफारिस | ३००/- |
| २५ | वस्ती विकास शुल्कः२ रोपनीसम्म, सो भन्दा माथि ५ रोपनीसम्म प्रति १ रोपनी र सो भन्दा बढी प्रति १ रोपनी | क्रमशः २५,०००/-, १०,०००/- र ५,०००/- |
| २६ | विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस | ३००/- |
| २७ | उद्योग स्थापना सिफारिस(अन्य निकायलाई गर्दा मात्र) | ३००/- |
| २८ | भवन निर्माणको साधारण स्वीकृत सम्बन्धी सिफिारिस | ५००/- |
| २९ | छात्रवृत्ति सम्बन्धी सिफारिस | निशुल्क |
| ३० | सिफारिसको विवरण सच्याई दिएको | सिफारिस शुल्कको ५०% (आधा) |
| ३१ | विविध सिफारिस(नयाँ) | २००/- |
| २) | अन्य सिफारिस | |
| १ | निवेदन फाराम प्रति पाना | १०/- |
| २ | अनुसूची | १०/- |

| | | |
|---|---|---|
| ३ | निवेदन दर्ता शुल्क | १०/- |
| ४ | भवन निर्माण दरखास्त फाराम | १०००/- |
| ५ | पति पत्नीको सम्बन्ध विच्छेद निवेदन दर्ता दस्तुर | १००/- |
| ६ | परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क | १०/- |
| ७ | कोटेशन फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ८ | टेण्डर फाराम शुल्क | आर्थिक नियमावली अनुसार |
| ९ | निवेदन नक्कल प्रति पाना | कार्यालयले सार्दा १०/- आफैले सार्दा ५/- |
| १० | भरुवा बन्दुक नवीकरण दस्तुर | जिल्ला भर ३०/-, राज्य भर ६०/- |
| ११ | घर निर्माण नक्शाको नक्कल दस्तुर | प्रतितला रु. २००/- |
| १२ | मिलापत्र दस्तुर प्रति पक्ष | २००/- |
| | नोट : आर्थिक सहायता, दीन दुःखीहरुको हकमा गा.पा. अध्यक्षको तोक आदेश अनुसार निःशुल्क सेवा प्रदान गर्न सकिनेछ । | |
| ३) | हैसियत प्रमाणित(सम्पत्ति मूल्यांकन) | |
| क) | ऋण र वैदेशिक रोजगारका लागि | |
| १ | रु. १० लाख सम्म | १०००/- |
| २ | रु. २० लाख सम्म | १५००/- |
| ३ | रु. ३० लाख सम्म | २५००/- |
| ४ | रु. ४० लाख सम्म | ३५००/- |
| ५ | रु. ५० लाख सम्म | ४०००/- |
| ६ | रु. ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | ५०० का दरले थप |
| ख) | अध्ययनका लागि | |
| १ | रु. २० लाख सम्मको | १०००/- |
| २ | रु. ३० लाख सम्मको | १५००/- |
| ३ | रु. ५० लाख सम्मको | २५००/- |
| ४ | रु. ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा | २००/- का दरले थप |
| ग) | अंशवण्डा र दानबकसमा | ३.(ख) मा लाग्ने रकमको ५० प्रतिशत |
| घ) | गाउँपालिकाले तत्काल(६ महिना भित्र) धितो मूल्यांकन गरेको सिफारिस पुनः नवीकरण गर्नुपर्दा जुन प्रयोजनको लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्य लिईनेछ । | |
| ङ) | आय प्रमाणित गर्दा तपसिलको मूल्यले आधारमा दस्तुर लिने | |
| १ | ५ लाख रुपैयासम्म | प्रति लाखको रु. १००/- |
| २ | ५ लाख देखि १० लाख रुपैया सम्म | रु. १५००/- |
| ३ | १० लाख देखि २० लाख रुपैया सम्म | रु. २,०००/– |
| ४ | २० लाख देखि ५० लाख रुपैया सम्म | रु. २,५००/- |
| ५ | ५० लाख देखि १ करोड रुपैया सम्म | रु. ३,५००/- |
| ६ | १ करोड भन्दामाथि | रु. ५,०००/- |
| ४) | सरसफाई शुल्क | |
| १ | आंशिक रुपमा सरसफाई हुने क्षेत्रमा मासिक | २५/- |
| २ | नियमित रुपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेकमा मासिक | ४०/- |
| ३ | नियमति रुपमा सरसफाई हुने क्षेत्र सफा सडक र राजमार्गमा मासिक | ६०/- |
| ४ | ठूला होटल, नाई, हस्पिटल, बोडिङ्ग स्कुल तथा क्लिनिक व्यवसायहरुको मासिक | ७५/- |
| ५) | सेक्सन ट्यांक/लोडर टिपरको भाडा | |
| १ | सक्सन ट्यांक गा.पा. क्षेत्रभित्र प्रत्येक पटक/प्रति ट्यांकर | २५००/- |
| २ | सक्सन ट्यांक गा.पा. क्षेत्र बाहिर प्रत्येक पटक/प्रति ट्यांकर | ५०००/- |
| ३ | लोडर प्रति घण्टा | २०००/- |
| ४ | ट्याक्टर प्रति घण्टा | ८००/- |
| ५ | ट्याक्टर प्रति घण्टा | ७००/- |
| ६ | सेप्टिक ट्यांक प्रयोजनको लागि ट्याक्टर प्रयोग गरेमा प्रति ट्याक्टर | १०००/- |

| | | |
|---|---|---|
| | नोट : भाडामा लैजाने व्यक्ति/संस्थाले इन्धनखर्च, चालकको भत्ता समेत व्यहोर्नुपर्नेछ । साथै उक्त साधन भाडामा लैलादा कार्यालयबाट हिडेको समय र आइपुगेको समय एकतर्फी समय मात्र गणना गरिनेछ | ईन्धन खर्च रु. ५००/-<br>चालक/हेल्पर भत्ता ५००/३००/-<br>गा.पा.बाट बाहिर भत्ता ८००/६००/- |
| ६) | घर नक्शापास दस्तुर | |

| सि.नं. | भौतिक संरचनाको विवरण | करको दर (प्रति ब.फी.) | | |
|---|---|---|---|---|
| | अ) घर नक्सा पास सम्बन्धी दस्तुर | | | |
| | | नक्सापास क्षेत्र | | |
| | | क | ख | ग |
| १. | आर.सी.सी. फ्रेम स्ट्रक्चर | | | |
| क) | पूर्ण भूमिगत तला | ७/- | ६/- | ५/- |
| ख) | अर्ध भुमिगत तला | | | |
| ग) | जमिन तला | | | |
| घ) | पहिलो तला | | | |
| ङ) | दोश्रो तला | | | |
| च) | तेश्रो तला | | | |
| छ) | चौथो तला | | | |
| २. | सिमेन्टको जोडाईमा इट्टा वा ढुङ्गाको गारो (न्यूनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्तापाता छाना | ४/- | ३/- | २/- |
| ३. | माटोको जोडाईमा इट्टा वा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई) आर.सी.सी. जस्तापाता छाना | | | |
| ४. | माटोको जोडाईमा टावा ढुंगाको गारो (न्यूनतम २३ से.मी. मोटाई) वा सिमेन्टको जोडाईमा ईटा, जस्तापाता, स्लेट छाना | ३/५० | २/५० | १/५० |
| ५. | घर नक्सा अनुगमन शुल्क | आर.सि.सि. रु. ५/- र अन्य रु. ३/- | | |

आ) पुराना घरहरुको हकमा नक्शा नियमितका लागि प्रति वर्ग फिट माथी उल्लेखित नै दरहरुलाई कायम गर्ने ।

इ) साधारण स्वीकृतिका लागि फिल्ड शुल्क, सर्जमिन शुल्क लिई सर्जमिन गराई मात्र स्वीकृति दिने ।

ई) नक्सापास क्षेत्र(क) भन्नाले वडा नं. १,२,३ र ४ को सम्पूर्ण क्षेत्र तथा अन्य वडाका शहरी तथा अर्धशहरी क्षेत्र ।

उ) नक्सापास क्षेत्र भन्नाले यस कैलारी गाउँपालिका भित्रको सम्पूर्ण क्षेत्रमा निर्माण भएका वा निर्माण गरिने भवनलाई मानिनेछ ।

अनुसूची -१२

कैलारी गाउँपालिकाको आर्थिक ऐन

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

## पर्यटन शुल्कको दर

| सि.नं. | विवरण | बार्षिक करको दर |
|---|---|---|
| १ | आन्तरिक | १००/- |
| २ | बाह्रय | ५००/- |

समाप्त